*Together We Can Achieve*

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्

# Nepal Association of Tour & Travel Agents

NATTA 1966

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

*SWC Affiliation No.: 25285*

मितिः २०७२/२/१४

## नाट्टा प्रमण्लद्वारा पर्यटन मन्त्रीसंग भेटवार्त्ता

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष डी.बी. लिम्बू को नेतृत्वमा गएको एउटा नाट्टा प्रमण्डलले आज अपरान्ह संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री कृपासुर शेर्पालाई उहांको कार्यकक्षमा भेट गर्‍यो र नाट्टाका तर्फबाट बधाई एंव शुभकामना पत्र सहित हालै मुलुकमा आएको विनाशकारी भूकम्प पश्चात् पर्यटन मन्त्रालयले आफ्नो ध्यान केन्द्रित गर्नु पर्ने २८ बूंदे लिखित प्रस्ताव पेश गर्‍यो ।

नेपाल सरकारले पर्यटनका ध्वस्त संरचनाहरुलाई पुर्नस्थापित गरि यस उद्योगलाई निरन्तर अगाडी बढाउंदै लैजान गरेका संकल्पहरुको प्रशंसा गर्दै नाट्टा अध्यक्षले पर्यटनलाई पूर्ववत् स्थितिमा ल्याउन नीजि क्षेत्रबाट पनि कार्य भै रहेको बताउनु भयो र वर्त्तमान अवस्थामा पर्यटन प्रवर्द्धनका लागि सरकारका तर्फबाट विशेष नीति एंव कार्यक्रमहरु ल्याईनु पर्ने आवश्यकतालाई औंल्याउनु भयो । विमानस्थलमा खुल्ला प्रवेशाज्ञा, विदेशी हवाई कम्पनीहरुका लागि विमानस्थल शुल्कहरुमा छूट, ध्वस्त सम्पदास्थलहरुलाई निःशुल्क अवलोकनका लागि खुल्ला गरिनु पर्ने, राष्ट्रिय ध्वजा वाहकको सुदृढीकरण र भूकम्प पीडित पर्यटन व्यवसायीहरुका लागि आवश्यकता अनुसार विशेष राहतको व्यवस्था, र नेपाल हुदैं कैलाश मानसरोबर जाने पर्यटकहरुका लागि नेपाल-तिब्बत सीमानाका नाकाहरु खुल्ला गरि अध्यागमनको व्यवस्था गरिनु पर्ने जस्ता बिषयलाई मन्त्रालयले प्राथमिकता प्रदान गर्दै नेपाललाई पर्यटक-मैत्री मुलुकका रुपमा स्थापित गर्न नाट्टा प्रमण्डलले जोड दिएको छ ।

.................................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

प्रा.डा. हरि शर्मा
प्रमुख कार्यकारी अधिकृत

NATTA 1966 Together We can Achieve

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
नेपाल चेम्बर NEPAL CHAMBER